# आदर्श समाज सामाजिक संस्थाको रक्तदान



**आदर्श समाज**
पोखरा, २५ जेठ

आदर्श समाज (सामाजिक संस्था) पोखरा १२, पुरानो धाराको १७ औं खुला रक्तदान कार्यक्रममा २८ युनिट रगत संकलन भएको छ ।

पोखरा १२ का वडाध्यक्ष सन्तोष बास्तोलाले पहिलो रक्तदाता संस्थाका पूर्व अध्यक्ष शिवप्रसाद कोइरालालाई ब्लडब्याग हस्तान्तरण गरी कार्यक्रम उद्घाटन गरे । उनले वडाको पुरानो यस संस्थाले वडामा विभिन्न सामाजिक कार्यहरू गरिरहेकोमा धन्यवाद दिँदै आफू समग्र वडाको विकासको लागि सबै समुदायसँग सहकार्य गर्दै अघि बढेको बताए ।

कार्यक्रममा पोखरा १२ की वडासदस्य शान्ति कोइराला, पुरानोधारा बचत तथा ऋण सहकारीका संस्थाका अध्यक्ष चन्द्रप्रकाश कोइराला, संस्थाका पूर्व अध्यक्ष सल्लाहकारहरू शम्भुराज बास्तोला, शिवप्रसाद कोइराला, कृष्णप्रसाद कोइरला, बसन्तराज कोइराला, शीतलादेवी टोल विकास संस्थाका अध्यक्ष सुशीला श्रेष्ठलगायतले बोलेका थिए ।

आदर्श समाज सामाजिक संस्थाका अध्यक्ष इन्दिरा भण्डारी कोइरालाको अध्यक्षतामा भएको कार्यक्रममा उपाध्यक्ष सुमित्रा कोइरालाले स्वागत र कार्यक्रम संयोजक अमृत शर्माले धन्यवाद ज्ञापन गरे । संस्थाका सचिव शान्ता बास्तोलाले कार्यक्रम सञ्चालन गरिन् ।

# पुतलीबजारमा विज्ञ समिति गठन

**आदर्श समाज**
स्याङ्जा, २५ जेठ



पुतलीबजार नगरपालिकामा ५ सदस्यीय विज्ञ समिति गठन गरिएको छ । शिक्षाप्रेमी भरतप्रसाद लम्सालको संयोजकत्वमा समिति गठन गरिएको हो । सदस्यमा ध्रुवबन्धु पौडेल, बोधराज अर्याल, भवानी अधिकारी र सदस्यसचिव मनोज मल्ल छन् ।

संयोजक लम्साल शिक्षालगायत विभिन्न बैंक तथा वित्तीय र सामाजिक सेवामा क्रियाशील छन् । यस्तै, सदस्य पौडेल र मल्ल शैक्षिकमा, अर्याल कृषि र अधिकारी सूचना प्रविधि क्षेत्रमा कार्यरत् छन् ।

आइतबार नगरपालिकामा आयोजित कार्यक्रममा विज्ञ सदस्यहरुको स्वागतसहित गठनको आवश्यकताबारे जानकारी गराइयो ।

शिक्षा, स्वास्थ्य, कृषि तथा पशु विकास, सूचना प्रविधि, वन वातावरण, महिला, दलित बालबालिका, ज्येष्ठ नागरिक तथा अन्य समुदायलगायत विविध विषयमा नीत निर्माण लगायतमा सल्लाह सुझाव दिनेगरी समिति बनाउने निर्णय गरिएको नगर प्रमुख तुलसीराम रेग्मीले जानकारी गराए । उनले भने, 'समुदायभित्र लुकेका वा लुकाइएका आवाज हामीसमक्ष पुर्याई भौतिक विकास तथा नीतिनिर्माणमा समेत यो समितिले नगरको विकासका निम्ति सहयोग गर्नेछ ।'

कार्यक्रममा उपप्रमुख देवी अर्याललले नवगठित समितिले आवश्यक रायसुझाव र सल्लाह दिई समग्र नगरपालिकाको आर्थिक, सामाजिक र भौतिक विकासमा समेत सहयोग पुग्ने अपेक्षा ब्यक्त गरिन् । नगरकार्यपालिकाको गत १७ जेठमा बसेको बैठकले सो निर्णय गरेको हो । स्थानीय सरकार सञ्चालन ऐन २०७४ को परिच्छेद ३ को दफा १४ को उपदफा (२) र (३) बमोजिम पुतलीबजार नगर विज्ञ समिति गठन गरिएको प्रमुख प्रशासकीय अधिकृत धर्मराज ढुंगानाले जानकारी दिए ।

कार्यक्रममा विज्ञ संयोजक भरतप्रसाद लम्सालले समितिलाई दिइएको जिम्मेवारीलाई नगरपालिका र समुदायसँग सहकार्य गर्दै अघि बढ्ने प्रतिबद्धता जनाए ।

# हिलप्वाइन्ट फन फेस्ट

**पोखरा, २५ जेठ (आदर्श समाज)-** पोखरा १२ स्थित हिलप्वाइन्ट माविमा हिलप्वाइन्ट फन फस्ट सम्पन्न भएको छ ।

हास्य कलाकार एवं उत्प्रेरक वक्ता सन्दीप क्षत्री र एकल कलाकार सम्राग कार्कीले आ-आफ्ना प्रस्तुति राखेका थिए ।

कार्यक्रममा क्षत्रीले शिक्षण सिकाइ र लक्ष्य निर्धारणबारे चर्चा गरेर विद्यार्थी र अभिभावकलाई उत्प्रेरणा जगाएका थिए भने कलाकार कार्कीको स्लो प्रस्तुतिमा सहभागी निकै रमाए ।

उक्त अवसरमा आवाज व्याण्ड, कक्षा १० का विद्यार्थीको संकेत व्याण्डको प्रस्तुति निकै रोचक थियो भने कक्षा ११ का विनायक गुरुङ, रोशन विक, कक्षा १२ का मिसन जोशी, कक्षा ९, १० र ११ छात्राहरुले गीत प्रस्तुत गर्दा सहभागी निकै रमाए ।

विद्यालयमै फाइन आर्टमा अध्ययनरत् विद्यार्थीको चित्रकला प्रदर्शन निकै रोचक थियो । सहायक प्राचार्य गंगाराम पौडेलद्वारा एसइई दिएर बसेका विद्यार्थीलाई करियर काउन्सिलिङ भयो ।

# कौडिण्य गोत्रीय आचार्यको कुलपूजा

**आदर्श समाज**
पोखरा, २५ जेठ



काहूँ नियास र मचारीहरूको कुल पूजा सम्पन्न भएको छ ।

काहू नियास र मचारी थाकथलो भई हाल देशका विभिन्न ठाउँ बसाइँसराइ गरेका कौडिन्य गोत्रीय आचार्यहरूको कुल पुजा बुधबार र बिहीबार २ दिन चलेको हो ।

ज्येष्ठ कुल सदस्य पशुपति आचार्यको घर पोखरा-१२ चिसापानीबाट भजनकीर्तनको कुलको मुख्य दियोले कुल मंदिरमा परिक्रमा गरिएको थियो । सोही अवसरमा ज्येष्ठ सदस्य आचार्यबाट ५१ हजार १ सय ११ रुपैयाँ बराबरको पशुपति-बिनामाया अक्षयकोषसमेत घोषण गरेका थिए । कुल समिति अध्यक्ष नारायणप्रसाद आचार्यको अध्यक्षतामा भएको कार्यक्रममा ७५ वर्ष पार गरेका कुल सदस्यलाई सम्मान गरियो । सम्मानित हुनेमा गीतादेवी आचार्य, शोभाखार आचार्य, पशुपति आचार्य, बिनामाया आचार्य, गिरीधारी आचार्य, जयन्ती आचार्यलगायतलाई सम्मान गरिएको थियो ।

यस्तै, लाटोकोसेरो सरक्षणमा अन्तर्राष्ट्रिय पुरस्कारबाट सम्मानित राजु आचार्य, मस्तिष्क पक्षघातबाट पीडित सृष्टि आचार्य र मन्दिर निर्माणमा विशेष नगद सहयोग गर्ने लोकमाया आचार्यलाई सम्मान गरियो ।

७२ कुल घर रहेको कुलपूजा प्रत्येक ३ वर्षमा हुँदै आएको छ । कार्यक्रममा स्वागत उपाध्यक्ष भुवनप्रकाश आचार्य र सञ्चालन सचिव दामोदर आचार्यले गरेका थिए ।

## सँधियारलाई सूचना

कास्की जिल्ला पोखरा महानगरपालिका वडा नं.२७ रिठ्ठेपानीस्थित कि.नं. ३४९४ क्षेत्रफल ०-४-०-२ रहेको श्री लक्ष्मी रानाभाटको नाममा दर्ता तिरो हकभोगले नयाँ घर निर्माण गर्न स्वीकृत पाऊँ भनी यस कार्यालयमा निवेदन दिनुभएकोमा उक्त जग्गाको पश्चिम कि.नं. ३५२९ श्री उरमीला गुरुङको नाममा जग्गाधनी नभेटिनुभएकोले यो सूचना जारी गरिएको छ । उक्त स्थानमा घर निर्माण गर्न स्वीकृत दिदा कोही कसैलाई बाधा अड्चन पर्छ पर्दैन ? अरु कुन कारण भए यो सूचना प्रकाशित भएको मितिले ७ दिनभित्र लिखित उजुरी गर्न आउनुहोला । अन्यथा नियमानुसार नक्सा स्वीकृत प्रदान गरिने व्यहोरा जानकारी गराउँदछौं ।

**पोखरा महानगरपालिका वडा नं. २७**

## मालपोत कार्यालय कास्की पोखराबाट प्रकाशित भएको हकदाबी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

प्रकाशित मिति २०८२।०२।१३

कास्की जिल्ला मौजे छाचोक ३ नं. का जि.मु. टिकारामको प्रसाद पाध्या जिम्मा साविक १९९० सालको खेत तर्फको मोठ लगत बमोजिम मोठ नं. १४२, १४८, २३९ मोही नं. क्रमश: २१, २७, २७ कित्ता नं. ३८, ४४, १६८ दर्तावालाको नाम क्रमश: प्रतिमन थापा, माधौ खत्रीको नाउँमा साविक दर्ता भएको २०३३ साल सम्मको तिरो रुकविणीको नामबाट तिरेको भु.सु. ७ नं. फाराममा लगत दिएको सर्भे नापीमा थाक वडा नं. २ को कि.नं. ९६ क्षे.फ. ३-५-३-३ विरहमा धान किसिममा सिम भएको जग्गा फिल्डबुकमा रुकविणा जैसीका नाउँमा कायम भएको दर्ता छुट हुन गएको रुकविणा जैसीको मिति २०३७।०७।०८ मा मृत्यु भएको मृतकको श्रीमान मनहरि जैसीको मिति १९९६।१२।२१ गतेका दिन मृत्यु भएको निजहरुबाट एकमात्र छोरा नन्द प्रसाद जैसी सापकोटाको जन्म भएकोमा निज नन्द प्रसाद सापकोटाको मिति २०४३।१०।२५ मा मृत्यु भएको मृतक नन्द प्रसादका दुई श्रीमती मध्ये जेठी श्रीमती गंगादेवी जैसीको मिति २०३४।१०।०१ मा मृत्यु भएको गंगादेवी जैसीको नजिकको हकदारमा एकमात्र छोरा तेज प्रसाद जैसी सापकोटा निवेदक रहेको, नन्द प्रसाद सापकोटाको कान्छी श्रीमती सरस्वती जैसीको मिति २०६१।०३।०२ मा मृत्यु भएको सरस्वती जैसीको नजिकको हकदारमा इन्द्र प्रसाद जैसी निवेदक रहेको हामीले नै भोगचलन गर्दै आईरहेको हाम्रो हजुरआमाको नाउँमा नापजाँच भै दर्ता श्रेष्ता कायम हुन छुटेको, उक्त जग्गा हाम्रो नाउँमा छुट जग्गा दर्ता नामसारी गरीपाउँ भनी कास्की जिल्ला साविक सिल्दुजुरे -९ हाल मादी गा.पा. वडा नं. ७ बस्ने तेज प्रसाद जैसी सापकोटा र इन्द्र प्रसाद जैसीले यस कार्यालयमा संयुक्त माग निवेदन पेश गर्नुभएको हुँदा उक्त जग्गामा यस अघि कसैले कारवाही चलाएको भए वा निजहरुको माग बमोजिम छुट जग्गा दर्ता नामसारी गर्न नमिल्ने वा दर्ता हुन नपर्ने कुनै कारण भए वा तपशिलमा उल्लेखित जग्गामा अरु कसैको हक लाग्ने भए वा सरकारी सार्वजनिक पर्न गए यो सुचना प्रकाशित भएको मितिले ३५ (पैतिस) दिन भित्र सवुद प्रमाण सहित दावी उजुरी गर्न आउनुहोला । अन्यथा कानून बमोजिम भै जानेछ । पछि कसैको उजुरबाजुर लाग्ने छैन ।

**तपसिल:**

| जिल्ला | गाविस /नपा | वडा नं. | कित्ता नं. | क्षेत्रफल | विरह | किसिम | फिल्डबुकको व्यहोरा |
|---|---|---|---|---|---|---|---|
| कास्की | थाक | २ | ९६ | ३-५-३-३ | धान | सिम | रुकविणा जैसी |

ईति संवत् २०८२ साल जेठ १३ गते रोज ३ शुभम् ।


## मिर्मिरे उर्जा विकास सहकारी संस्था लि.

पोखरा-८, न्युरोड, कास्की

**कर्जा भुक्तानी गर्न आउने सम्बन्धि जरूरी सूचना**

*प्रथम पटक प्रकाशित मिति : २०८२/०२/२६ गते*

यस संस्थाबाट कर्जा लिई कर्जाको साँवा र व्याज भुक्तानी नगर्नु भएका तपसिलका ऋणि सदस्यहरुलाई यस सूचना प्रकाशित भएको मितिबाट ३५ दिन भित्र कर्जा र बाँकी व्याज रकम भुक्तानी गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ । उक्त मिति भित्र पनि भुक्तानी गर्न नआएमा ऋणि सदस्यहरुको पत्रिकामा तिन पुस्ते नाम, ऋण लिंदा संस्थामा जमानी वस्नेको विवरण एवम् धितोको विवरण सहित क्रमश: प्रकाशित गरिने छ ।

तपसिल

| क्र.सं. | ऋणिको नाम | ना.प्र.नं. | ठेगाना |
|---|---|---|---|
| १. | कोपिला वि.क. | १४३३६० | पोखरा-१७, छोरेपाटन |
| २. | केदारनाथ घिमिरे | १५/११६४३ | पोखरा-८, कास्की |
| ३. | डम्बर जिसी | १०४६/३२४ | पोखरा-१८, कास्की |
| ४. | नारायण पौडेल | ३९८५६ | पोखरा-१०, कास्की |



## कर्जा चुक्ता भुक्तानी गर्ने सम्बन्धी ३५ (पैतिस) दिने अत्यन्त जरूरी सूचना

(प्रकाशित मिति २०८२ साल जेठ महिना २६ गते सोमबार)

यस विकास बैंकको शाखा कार्यालय गल्याङबाट तपशिलमा उल्लेखित ऋणीहरुले विभिन्न कर्जा शीर्षक अन्तर्गत लिएको कर्जाको साँवा, ब्याज र अन्य दै दस्तुर समेत तिर्ने बुझाउने सम्बन्धमा बैंकसंग गरेको शर्त कबुलियत उल्लंघन गर्नु भएको र बैंकबाट पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा समेत सो कर्जाको तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज तथा हर्जाना समेत चुक्ता भुक्तान गर्न आउने तर्फ कुनै चासो नदेखाउनु भएको र नआउनु भएकोले यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतिस) दिन भित्रमा बैंकलाई तिर्न बुझाउनु पर्ने सम्पूर्ण साँवा, ब्याज तथा हर्जाना ब्याज समेत चुक्ता भुक्तान गर्न आउनुहुन यो सूचना प्रकाशित गरिएको छ । उक्त अवधि भित्र तपाईले यस संस्थाबाट लिएको कर्जाको साँवा, ब्याज र अन्य दै दस्तुर चुक्ता भुक्तान नगरेमा धितो सुरक्षणमा तपाईले लेखिदिएको सम्पूर्ण चल अचल सम्पत्ति बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ को दफा ५७ उपदफा १ ले दिएको अधिकार प्रयोग गरी धितो लिलाम बिक्री गरी वा सो बाट समेत संस्थाको सम्पूर्ण लेना रकम असूल उपर नभएमा प्रचलित कानून अनुसार कारबाही गरी बैंकले आफ्नो लेना रकम असुल उपर गर्नुका साथै तपाई ऋणी तथा व्यक्तिगत धनजमानीकर्ता समेतलाई नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम कर्जा सूचना केन्द्र लि.को कालो सूचीमा समावेश गरिने व्यहोरा समेत जानकारी गराईन्छ ।

**तपशिल**

**१) कर्जा शीर्षक : हायर पर्चेज तथा व्यवसायिक आवधिक कर्जा**

**ऋणीको विवरण**

नाम : **त्रिनेत्र सप्लायर्स प्रा.लि.** अख्तियार प्राप्त व्यक्तिको नाम : होमनाथ भट्टराई दर्ता.नं. : २१६५८९/७५/०७६
दर्ता गर्ने कार्यालय : कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वर काठमाडौं दर्ता मिति : २०७६/०२/२०
रजिष्टर्ड ठेगाना : स्याङ्जा जिल्ला गल्याङ न.पा. वडा नं. ०३ गल्याङ स्थायी लेखा नं. : ६०९५४९४८५

**व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण**

१) हिरामणि भट्टराईको नाति भविलाल भट्टराईको छोरा स्याङ्जा जिल्ला गल्याङ न.पा. वडा नं. ३ बस्ने **होमनाथ भट्टराई** (ना.प्र.नं. : १२७२ जारी मिति र जिल्ला : २०४४/१२/०८, स्याङ्जा)

२) श्यामलाल ढुगांनाको नाति चुडामणि ढुगांनाको छोरा धादिङ्ग जिल्ला खाल्टे वडा नं. ५ हाल, निलकण्ठ न.पा. वडा नं. ५ बस्ने **रामचन्द्र ढुगांना** (ना.प्र.नं. : ४२१७७ जारी मिति र जिल्ला : २०५७/१२/२३, धादिङ्ग)

३) यज्ञ प्रसाद पौडेलको छोरी भविलाल भट्टराईको बुहारी होमनाथ भट्टराईको पत्नी स्याङ्जा जिल्ला जगत्रदेवी वडा नं. ९ हाल, गल्याङ न.पा. वडा नं. ३ बस्ने **मीनादेवी भट्टराई** (ना.प्र.नं. : ४१३८ जारी मिति र जिल्ला : २०५८/०७/२०, स्याङ्जा)

४) यज्ञ प्रसाद हुमागाईको छोरी चुडामणि ढुगांनाको बुहारी रामचन्द्र ढुगांनाको पत्नी धादिङ्ग जिल्ला खाल्टे वडा नं. ५ हाल, निलकण्ठ न.पा. वडा नं. ५ बस्ने **शारदा ढुगांना हुमागाई** (ना.प्र.नं. : २/१९२९ जारी मिति र जिल्ला : २०५९/०३/१९, धादिङ्ग )

**२) कर्जा शीर्षक : व्यक्तिगत आवधिक कर्जा**

**ऋणीको विवरण**

यज्ञ प्रसाद पौडेलको छोरी भविलाल भट्टराईको बुहारी होमनाथ भट्टराईको पत्नी स्याङ्जा जिल्ला जगत्रदेवी वडा नं. ९ हाल, गल्याङ न.पा. वडा नं. ३ बस्ने **मीनादेवी भट्टराई** (ना.प्र.नं. : ४१३८ जारी मिति र जिल्ला : २०५८/०७/२०, स्याङ्जा)

**व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण**

१) हिरामणि भट्टराईको नाति भविलाल भट्टराईको छोरा स्याङ्जा जिल्ला गल्याङ न.पा. वडा नं. ३ बस्ने **होमनाथ भट्टराई** (ना.प्र.नं. : १२७२ जारी मिति र जिल्ला : २०४४/१२/०८, स्याङ्जा)

२) भविलाल भट्टराईको नाति होमनाथ भट्टराईको छोरा स्याङ्जा जिल्ला गल्याङ न.पा. वडा नं. ३ बस्ने **सुशान्त भट्टराई** (ना.प्र.नं. : ४२-०२-७८-०१४७५ जारी मिति र जिल्ला : २०७८/०६/१४, स्याङ्जा)

३) भविलाल भट्टराईको नातिनी होमनाथ भट्टराईको छोरी स्याङ्जा जिल्ला गल्याङ न.पा. वडा नं. ३ बस्ने **सिमरन भट्टराई** (ना.प्र.नं. : ४२-०२-७५-०३३३४ जारी मिति र जिल्ला : २०७५/०७/२५, स्याङ्जा)

**३) कर्जा शीर्षक : मुक्तिनाथ सहुलियत कर्जा**

**ऋणीको विवरण**

नाम : **सूर्योदय कृषि तथा पशुपालन फर्म** प्रोप्राइटरको नाम : मीनादेवी भट्टराई प्रा.फ.नं. : ४२९/०७७/०७८
दर्ता गर्ने कार्यालय : घरेलु तथा साना उद्याग कार्यालय गण्डकी प्रदेश स्याङ्जा दर्ता मिति : २०७७/०७/२१
रजिष्टर्ड ठेगाना : स्याङ्जा जिल्ला गल्याङ न.पा. वडा नं. ३ गल्याङ स्थायी लेखा नं. : ६१४१८३०४१

**व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण**

१) यज्ञ प्रसाद पौडेलको छोरी भविलाल भट्टराईको बुहारी होमनाथ भट्टराईको पत्नी स्याङ्जा जिल्ला जगत्रदेवी वडा नं. ९ हाल, गल्याङ न.पा. वडा नं. ३ बस्ने **मीनादेवी भट्टराई** (ना.प्र.नं. : ४१३८ जारी मिति र जिल्ला : २०५८/०७/२०, स्याङ्जा)

२) हिरामणि भट्टराईको नाति भविलाल भट्टराईको छोरा स्याङ्जा जिल्ला गल्याङ न.पा. वडा नं. ३ बस्ने **होमनाथ भट्टराई** (ना.प्र.नं. : १२७२ जारी मिति र जिल्ला : २०४४/१२/०८, स्याङ्जा)

३) हिमलाल न्यौपानेको छोरी कृष्ण प्रसाद भट्टराईको बुहारी छविलाल भट्टराईको पत्नी स्याङ्जा जिल्ला जगत्रदेवी वडा नं. ९ हाल, गल्याङ न.पा. वडा नं. ३ बस्ने **कोपीला भट्टराई** (ना.प्र.नं. : १३२९७ जारी मिति र जिल्ला : २०६०/०७/३०, स्याङ्जा)

"नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्र प्राप्त राष्ट्रिय स्तरको विकास बैंक"

**मुक्तिनाथ विकास बैंक लि.**
**MUKTINATH BIKAS BANK LTD.**
Winner of EUROPEAN MICROFINANCE AWARD 2020
**Central Office:** Lazimpat, Kathmandu, Tel.: 01-5970887, Toll Free No. (NTC): 16600149999,
Toll Free No. (Ncell): 18102149999, E-mail: info@muktinathbank.com.np, Web: www.muktinathbank.com.np
जनता बैंकमा होइन, बैंक जनतामा जानु पर्दछ



## मिर्मिरे उर्जा विकास सहकारी संस्था लि.

पोखरा-८, न्युरोड, कास्की

**कर्जा भुक्तानी गर्न आउने सम्बन्धि जरूरी सूचना**

*दोश्रो पटक प्रकाशित मिति : २०८२/०२/२६ गते*

यस संस्थाबाट कर्जा लिई कर्जाको साँवा र व्याज भुक्तानी नगर्नु भएका तपसिलका ऋणि सदस्यहरुलाई यस सूचना प्रकाशित भएको मितिबाट १५ दिन भित्र कर्जा र बाँकी व्याज रकम भुक्तानी गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ । उक्त मिति भित्र पनि भुक्तानी गर्न नआएमा ऋणि सदस्यहरुको पत्रिकामा तिन पुस्ते नाम, ऋण लिंदा संस्थामा जमानी वस्नेको विवरण एवम् धितोको विवरण सहित क्रमश: प्रकाशित गरिने छ ।

तपसिल

| क्र.सं. | ऋणिको नाम | ना.प्र.नं. | ठेगाना |
|---|---|---|---|
| १. | रामप्रसाद तिवारी | ४६१०३१ | पोखरा-२८, कास्की |
| २. | रत्नकुमारी गुरुङ | ७६२२३ | पोखरा-१४, काजीपोखरी |



**सेफ्टी टंकी तथा पानी टंकी सफा गर्नुपरेमा**

सम्पर्क
०६१-५९१६२१
९८०२८५२७७५
९७०८०८०३१०
९७०८०८०३२०



**TEACHER WANTED**

1. Primary Level Maths/ Science Teacher-1
2. Lower Sec. Level Maths/ Science Teacher-1
3. Pre-primary Teacher-1
4. Office Helper (Female)-1

Contact
9846792965
Newroad, Pokhara


## मालपोत कार्यालय लेखनाथ कास्कीबाट प्रकाशित भएको हकदाबी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

पर्वत जिल्ला खुर्कोट ५ स्थायी ठेगाना भई पोखरा महानगरपालिका वडा नं २७ बस्ने टुल्की दमिनीको द.नं. ७९१६ मिति २०८२/२/२५ को नामसारी माग निवेदन अनुसार निवेदकका ससुरा बुद्दिराम दमाईको मृत्यु भएको, सासु सेती दमिनीले दोस्रो विवाह गरेको, श्रीमान् स्व. लालविर दमै जग्गाधनी बुद्दिराम दमैका एकमात्र छोरा भएकाले आफू बुद्दिराम दमाईको एकमात्र हकदार भएकाले एकलौटी नामसारी गरीपाउँ भनी निवेदन माग गरेकाले लालविरको मृत्यु दर्तामा बुबाको नाम कुशले दमाई उल्लेख भएको देखिएकाले कुशले दमाई र बुद्दिराम दमाई फरक फरक व्यक्ति भएमा वा निवेदकको नागरिकताका लाल विरे दमै र मृत्यु दर्ताका लालविर दमै फरक फरक व्यक्ति भएमा वा माग बमोजिम नामसारी गर्न नहुने कुनै कारण भएमा वा तपसिलका जग्गामा अन्य कसैको हक लाग्ने भएमा यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र प्रमाण सहित उजुरी गर्न आउनु होला । अन्यथा कानून बमोजिम नामसारी भैजाने व्यहोरा जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ ।

**तपसिल:**

| क्र.सं. | गाविस | वडा नं. | कित्ता नं. | क्षेत्रफल | फिल्डबुकको व्यहोरा |
|---|---|---|---|---|---|
| १ | अर्घौं | २ | १६६१ | १-४-३-२ | बुद्दिराम दमाई |
| २ | अर्घौं | २ | १६६३ | ०-०-०-२ | बुद्दिराम दमाई |

इति सम्वत् २०८२ साल जेठ २५ गते रोज १ शुभम्

## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

पोखरा महानगरपालिका वडा नं २५, हेमजा स्थित दुलेगौडा नाला निर्माण गर्दा तपशिल बमोजिमको आम्दानी तथा खर्च भएको व्यहोरा सरोकारवालाहरुमा जानकारीका लागि यो सार्वजनिक सूचना जारी गरिएको छ ।

**योजनाको नाम:** दुलेगौडा नाला निर्माण
**उपभोक्ता समितिको नाम:** दुलेगौडा नाला निर्माण उपभोक्ता समिति
**योजनाको कुल लागत:** रु.५,८८,२३५.२९।-
**सम्झौता मिति:** २०८२।०१।११
**योजना सुरु मिति:** २०८२।०१।१२
**योजना सम्पन्न हुने मिति:** २०८२।०२।३०
**योजना सम्पन्न भएको मिति:** २०८२।०२।१८
**महानगरपालिकाबाट प्राप्त हुनुपर्ने रकम:** रु.५,००,०००।-
**उपभोक्ताबाट:** रु.८८,२३५.२९।-
**जम्मा खर्च:** रु.५,८८,२३५.२९।-

**उपभोक्ता समितिका पदाधिकारीहरु**
**अध्यक्ष:** लक्ष्मण विक
**उपाध्यक्ष:** रिन्जिन गुरुङ
**सचिव:** डिलकुमारी हर्मेल सुनार
**कोषाध्यक्ष:** ङवाङ टसि गुरुङ
**सदस्यहरु:** कृष्णमान् श्रेष्ठ, टेकबहादुर लामा, हरिमाया सुवेदी, रमेश कार्की (अम्बोट), रामबहादुर गुरुङ, नैना तामाङ र सुनीता तामाङ

**अनुगमन समिति**
**संयोजक**
पुष्पराज पौडेल
**सदस्य:**
कृष्णप्रसाद सुवेदी र आशा गदल